चः २ तिमो ३:१४-४:४ सर्म्पूण पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा अभिलिखित छ र उहाँकै निर्देशनद्वारा प्राप्त हुन आएको छ ।

६. यहूदा २ : सदाकालको निम्ति सन्तहरुलाई सुम्पिएको पवित्र विश्वासको हामीले प्रतिरक्षा गुर्नपर्दछः नयाँ करार ।

**पहिलेका मण्डलीका प्रथम खीष्टियमहरु**

पहिलो शताब्दीका पहिलो खीष्टियनहरुले पापका कारण अनन्त मृत्युमा परेकाहरुलाई उद्धार र मुक्ति दिने खीष्टको सुसमाचार आजका ती चिरपरिचित अधिकांश ठाउँहरुमा त्यही युग अनि त्यही पुस्तामा पुऱ्याउन सफल भएका थिए (कल १:२३) । त्यो युग अर्थात् शताब्दीले सत्तरी वर्षमा पाइलो टेक्नुभन्दा अगावै अर्थात् ७० वर्ष पुग्नुभन्दा पहिले तिनीहरुसँग छापाखानामा छापिएको कुनै किसिमको पर्चा, पुस्तिका, रेडियो, टि.भी र इन्टरनेट आविष्कार नभएको समयमा  तिनीहरु सबै त्यस्तो कार्य गर्नका लागि केवल परमेश्वरको प्रेमद्वारा अभिप्रेरित र निर्देशित बनेका थिए, सत्यबाट व्युत्पन्न प्रेमद्वारा अनि पापका कारण अनन्त मृत्युमा परेकाहरु प्रतिको प्रेमले गर्दा तिनीहरु अभिप्रेरित र निर्देशित थिए, त्यसै गरी त्यस प्राचीन युगको प्रत्येक प्रमुख शहरहरुमा अनि धेरैभन्दा धेरैजसो ती स-साना गाउँहरुमा अनि नगरहरुमा खीष्टको मण्डलीहरुको थपना गर्न तिनीहरु परमेश्वरकै प्रेम र निर्देशनअनुसार अभिप्रेरित भएका थिए ।

भन्नुपर्दा, हामीसँग उपलब्ध ती समस्त प्रविधिहरु र अत्याधुनिक साधनहरु सम्पन्न भइकन पनि आजको समयमा हामीले अझ बढी के नै गर्न र कति नै गर्न सकेका छौं ? हामीसँग यी संधानहरु अतिरिक्त “पापको कारण विनाशमा परेकाहरुमाझ उद्धार र मुक्ति प्रचार गर्न तथा कुनै ठाउँमा मण्डली थपना गर्ने त्यो प्रेम, भक्तिभाव र त्यागजस्ता कुराहरु हामीमा हुनु आवश्यक छ । साँचो भन्नुपर्दा, परमेश्वरको अनुग्रह मुक्ति र मण्डलीको हकमा ती सत्यतथ्य खोजतलाश गर्न र थाहापाउन तपाइँको निम्ति मूल्यवान् ठहरिनेछ ।

हामी खीष्टको मण्डलीका सदस्यहरु तपाईलाई प्रेम गर्दछौं । आज यो सानो पुस्तिकाद्वारा तपाईले एकमात्र सत्य मण्डली थपना गर्ने र पापको कारण विनाशमा परेकाहरुलाई उद्धार र मुक्ति दिने परमेश्वरको महान् योजनाबारे सिक्ने अवसर प्राप्त गर्नुभयो । मानवजातिको उद्धार र मुक्तिको विषयमा अझ बढी थप जानकारी गर्न चाहनाहुन्छ  भने निम्न लिखित ठेगानामा सम्पर्क गर्नुहोस् ।

# पापको कारण विनाशमा परेकाहरुको उद्धार र मुक्ति तथा मण्डली थपना बारे परमेश्वरको महान योजना

**प्रकाशनः**

**खीष्टको मण्डली**

**खीष्टको मार्ग बाइबल प्रशिक्षण**

Email: christwaybible@gmail.com

**परमेश्वरको मण्डली निर्माण गर्ने योजना  र विनाशमा परेकाहरूलाई उद्धार गर्ने**

यस संसारलाई सृष्टि गर्नुभन्दा पहिले नै एक मात्र सत्य मण्डली निर्माण र स्थापना गर्ने विषयमा परमेश्वरको महान् योजना थियो (एफि १:४) । मण्डली कस्तो पहिचानको हुनेछ र कसरी वृद्धि-विकाश हुने छः अनि त्यसै गरी पापको साथ विनाशमा परेका मानिसहरुको उद्धार र मुक्ति अपरिहार्य रहने कुरो परमेश्वरलाई थाहा थियो ।

उहाँले ती आफ्ना योजनाहरुका विषयमा सर्वप्रथम खीष्ट प्रभुका तिनै पहिलो अनुयायीहरुलाई खुलस्त पारिदिनुभएको थियो, र तिनीहरुले उक्त योजनाहरुलाई येशू मृत्युबाट पुनरुत्थान भइसकेपछिको पहिलो पेन्टीकोस समयसँगै अनुसरण र कार्यान्वयन गरेका थिए (पेरित २: १-४७)। पहिलो शताव्दीका ती खीष्टियनहरुले परमेश्वरको इच्छाद्वारा प्राप्त उक्त नमुनालाई उहाँकै निर्देशनबमोजिम कार्यान्वयन गरेर जुन मण्डली यरुशलेममा स्थापना भई आरम्भभयो, तीव्र गतिले यहूदिया, सामरियाहँदै पृथ्वीको पल्लो छेउसम्म स्थापना र वृद्धि विकाशहुँदै गएको थियो ।
आजको समयमा पनि यदि हामीले परमेश्वरले दिनुभएको उक्त नमुना र योजनाहरुलाई अनुसरण र कार्यान्वयन गऱ्यौं भने सु-समाचार सर्वत्र पुग्नेछ । मण्डलीको थपना र वृद्धि विकाश हँदैजानेछ, आत्माहरुले उद्धार र मुक्ति प्राप्त गर्न सक्नेछन् (१ पत्रुस १:१८-२०, १ कोर २:७, २ तिमो १:९, तीतस १:९) ।

**आधारभूत पद्याशंः मत्ती २८:१८-२०, मर्कुस १६:१५-१६ र लूका २४:४४-४७**

**१ः 'सबैतिर जाउ': सत्यको शिक्षा दिने विषयमा हाम्रो व्यक्तिगत र व्यवहारिक खीष्टियन दायित्वहरू ।**
क. १ः कोर १:१९-२० हामीले परमेश्वरबाट प्राप्त नमुना, योजना र निर्देशनलाई पालना गर्नुपर्छ ।
ख. प्रेरित ८:४ हामीहरुले सत्य सु-समचारलाई सबै तिर प्रचार गर्दै यत्रतत्र पुग्नुपर्छ ।

गः १ तिमो ४:१६ हामीहरू बाइबलको एकमात्र विशुद्ध शिक्षा र सत्यको ज्ञानमा आधारित रहेको हुनुपर्छ, त्यही एकमात्र विशुद्ध शिक्षानुषार जीवन जीउन जान्नुपर्दछ र बाइबलका एकमात्र विशुद्ध शिक्षा सबैलाई सिकाउनुपर्दछ ।
घः २ तिमो ४:२ सत्य वचनलाई प्रचार गर्नुपर्छ र बाइबलको त्यही एकमात्र विशुद्ध शिक्षा सबैलाई सिकाउनुर्पछ, चाहे कसैले स्वीकार गरोस् या इन्कार गरोस् ।

**२.'सारा संसारमा': पापको कारण सारा संसार उद्धार र मुक्तिविहीन छ भन्ने कुरालाई हामीले आत्मसात् गर्नुपर्छ।**
क. एफि ४:१७-१९ यस संसारमा अधिकांश मानिसहरु आफ्ना भयानक भवितव्यबारे अनभिज्ञ छन् ।
ख. यहून्ना ३: १६-१८ किनकि सारा जगत् र सिङ्गो मानवजाति पापको कारण दोषी र दण्डनीय ठहरिएको हुँदा खीष्ट प्रभु सबैका पाप हरण गर्नका लागि बलिदान हुनु भएको थियो ।
गः प्रेरित १: ६-८ किनकि पापको कारण विनाशमा परेर उद्धार र मुक्तिविहीन भएको हुँदा सारा जगत्लाई सत्य सुनाउ र सुसमाचार प्रचार गर ।
घ प्रेरित ८.१-५ यत्रतत्र सबैतिर सत्य र सुसमाचार प्रचार गर्न पुग्नैपर्छ ।

**३. 'हरेक प्राणी': सिङ्गो मानवजातिलाई । प्रत्येक व्यक्तिलाई गुण र जातपातको आधारमा कसैलाइ पनि अवमूल्यन नगर ।**
क. रोमी १.१६ सुसमाचार २ शाश्वत सत्य भनेकै ती सबै किसिमका जातजातिहरु र जनमानसको उद्धार र मुक्तिको लागि हो ।
ख. प्रेरित १०:३४-३५ एक मात्र सृष्टिकर्ता परमेश्वरेले कसैको कहिल्यै पनपक्ष गर्नुहुन्न ।  प्रत्येक जातजातिलाई उहाँ प्रेम गर्नुहुन्छ ।
ग. प्रेरित १५:११ परमेश्वरकै अनुग्रहको कारण सबै मानिसले उद्धार र मुक्ति प्राप्त गर्न सक्छन् ।
घ. याकूब २:१, ५ मानिसहरुप्रति यस्तो कुनै भेदभाव नदेखाउ ।
ङ १ कोर १.२६-२९ अधिकतम परिस्थितिमा यस्तो हुनेगर्छ, ती मानिसहरु जसलाई उद्धार र मुक्तिका उत्तम उम्मेदवार भन्ठानेका हुन्छौं, यथार्थमा भने तिनीहरू त्यस्ता पात्रहरु हुँदैनन् ।

**४. 'त्यो जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ उसले उद्धार र मुक्ति प्राप्त गर्नेछ' यस कार्यमा ती दुवै आज्ञा र कार्यहरुको आवश्यक पर्दछ ।**
क. प्रेरित २: ३६-४१, ४७ पत्रुसले प्रथम प्रवचन र सुसमाचार प्रचार गर्दा यी दुवै विश्वास गर्नुपर्ने र बप्तिस्मा लिनुपर्ने आज्ञासँगै पश्चात्ताप गर्नुपर्छ भन्ने कुरालाई आदेश दिइएका थिए ।
ख. प्रेरित ८ः १२, ३६- ३८ ती मानिसहरुले प्रवचन र सुसमाचार सुने अनि विश्वास गरे तब मात्र बप्तिस्मा लिएका थिए ।
ग. प्रेरित १०:४७,४८ पहिलो पटक अन्यजातिका मानिसहरुलाई बप्तिस्मा लिनुपर्छ भनेर आज्ञा गरेको पाइन्छ ।
घ. प्रेरित १६ : १४-१५ पहिलो पटक फिलिप्पीमा मानिसहरुले पहिले विश्वास गरेपछि मात्र तिनीहरुलाई बप्तिस्मा दिइएको थियो ।
ङ. प्रेरित १६:३१-३४ फिलिप्पीका झ्यालखानाका हाकिमले पनि विश्वास
गरेपछि मात्र तिनलाई बप्तिस्मा दिइएको थियो ।
च. प्रेरित १८ः८ धेरैजसो कोरिन्थीहरूले पनि पहिले वचन सुने त्यसपछि विश्वास गरे, अनि त्यसपछि मात्र बप्तिस्मा लिएका थिए ।
छ.ः प्रेरित १९:१-५ ती जो जसले बप्तिस्मा दिने यहून्नाद्वारा वचन, आज्ञा र सुसमाचार प्राप्त गरेका थिए, विश्वास गरेपछि तिनीहरुलाई उद्धार र मुक्तिको निम्ति लगत्तै खीष्टमा बप्तिस्मा दिइएको थियो ।
ज. प्रेरित २२:१६ शाउललाई पनि दुबै कुरा सिकाइसके पछि मात्र तिनका आफ्ना पापहरू धुन भनी तिनलाई बप्तिस्मा दिइएको थियो ।

**५. 'आज्ञा गरेका ती सबै कुराहरु मनन अनि पालन गर्न सिकाओ'  सबैले खीष्टको आज्ञा पालन गर्नैपर्छ ।**
क. हिब्रू ५:८-९ “खीष्ट” अनुक्रमिक रूपले आज्ञा पालन गर्ने मानिसहरुको निम्ति मात्र उहाँ मुक्तिदाता हुनुहन्छ ।
ख. प्रेरित ४:११-१२ उद्धार र मुक्ति केवल येशूमा मात्र छ ।
गः प्रेरित ५.२९ हामीले मानिसहरुको होइन, परन्तु परमेश्वरका सबै आज्ञा र शिक्षालाई पालन र अभ्यास गर्नुपर्छ ।
घ. प्रेरित २०:२६ २७ हामीले केवल परमेश्वरबाट प्राप्त ती सम्पूर्ण शिक्षा, आदेश र निर्देशनलाई नै सर्वोपरी मानेर घोषणा गर्नुपर्दछ र पूर्ण रूपले पालना गर्नपर्छ ।
ङ २ तिमो २.१५ हामीले कुन कुन काम र कुरा सिक्नुपर्छ, पालना गर्नुपर्छ र  अभ्यास गर्नुपर्छ ,अनि कुन कुन काम र कुरा गर्न हुँदैन सो पूर्ण रुपले थाहापाउनलाई हामीले अध्ययन गर्नुपर्दछ ।